अति गोप्य

कर्णाली प्रदेश सरकार

# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

वीरेन्द्रनगर, सुर्खेत, नेपाल

**निर्णयहरु**

**प्र.मं.प.बै.सं. २१।०७७**

संवत् २०७७ साल फागुन २८ गते शुक्रबार साँझ ठिक ०५:०० बजे मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय कर्णाली प्रदेश, वीरेन्द्रनगर, सुर्खेतमा बसेको मन्त्रिपरिषद्को बैठकको उपस्थिति तथा निर्णयः-

<u>उपस्थितिः-</u>

| | | |
|---|---|---|
| मुख्यमन्त्री | मा. महेन्द्र बहादुर शाही | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| मन्त्री | मा. दल रावल | सामाजिक विकास मन्त्रालय |
| मन्त्री | मा. बिमला के.सी | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय |
| मन्त्री | मा. नन्द सिंह बुढा | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय |

<u>प्रदेश सरकार (कार्यसम्पादन) नियमावली, २०७४ बमोजिम देहायको प्रस्तावमा देहायमा लेखिएबमोजिम गर्ने निर्णय भयोः-</u>

१. मुख्य न्यायधिवक्ताको नियुक्ति सम्बन्धी विषयको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको नं. १/५३-२०७७/११/२८ को प्रस्ताव सम्बन्धमा "प्रस्तावमा लेखिएबमोजिम गर्ने।"

२. माननीय मुख्यमन्त्रीज्यूको जनसम्पर्क बिज्ञ नियुक्ति सम्बन्धी विषयको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको नं. १/५४-२०७७/११/२८ को प्रस्ताव सम्बन्धमा "प्रस्तावमा लेखिएबमोजिम गर्ने।"

३. जनयुद्ध, जनआन्दोलन तथा प्रदेश स्थापना आन्दोलनका घाईते, अपाङ्ग तथा शहिद परिवार सदस्यका लागि आयआर्जन वृद्धी कार्यक्रम र राउटे, वादी, राजी जस्ता लोपोन्मुख र पिछडीएका जातजातीको जिविकोपार्जन र आयआर्जन कार्यक्रमको लागि बजेट बाँडफाँड गरी रकम हस्तान्तरण/ रकमान्तर/ अख्तियारी प्रदान गर्ने सम्बन्धी विषयको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको नं. १/५५-२०७७/११/२८ को प्रस्ताव सम्बन्धमा "प्रस्तावमा लेखिएबमोजिम गर्ने।"

४. बजेट रकमान्तर सम्बन्धि विषयको उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको नं. ४/१६-२०७७/११/२८ को प्रस्ताव सम्बन्धमा "प्रस्तावमा लेखिएबमोजिम गर्ने।"

५. बादी समुदायको समस्या प्रदेश सरकारको कार्यक्षेत्र नभएको हुँदा जमिन उपलब्ध गराईदिन प्रदेश सरकार, मन्त्रीपरिषदवाट निर्णय गरी नेपाल सरकारलाई अनुरोधका साथै आवश्यक समन्वय गर्ने।

**निर्णयहरु**

**प्र.मं.प.बै.सं. २१।०७७**

६. कर्णाली प्रदेशमा रहेका वादी समुदायको उत्थान र विकासका लागि मूख्यमन्त्रि जीबिकोपार्जन कार्यक्रम (नाना, खाना र छाना) कार्यक्रम अन्तर्गत वादी समुदायलाई यहि आर्थिक वर्षमा थप कार्यकम संचालन गर्ने।

७. कर्णाली प्रदेशमा रहेका वादी समुदायको उत्थान र विकासका लागि आउँदो नीति तथा कार्यक्रममा शिक्षा, स्वास्थ्य, रोजगारी, कला साँस्कृति, सीपमुलक तालिम तथा आयआर्जनका विषयहरु समावेस गर्ने।

८. वादी समुदायका युवा व्यवसायीहरुलाई सिपमुलक तालिम तथा घुम्तीकोष खडा गरि १० लाखसम्मको ऋणमा व्याज अनुदानको व्यवस्था गर्ने ।

.............................
(आनन्द सारु)
नि. प्रमुख सचिव
२०७७।११।२८